जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १७६ पृष्ठः ४ | २०८२ कार्तिक १६ आइतबार (Sunday 02 Nov. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# छठ सकिएसँगै मधेशमा सामाचकेवाको रौनक, कसरी मनाइन्छ यो पर्व ?

**मुकेशकुमार यादव**

सिरहा, १५ कार्तिक। छठपर्व सकिए सँगै सिरहासहित तराई मधेसमा दिदीबहिनी र दाजुभाइबीच प्रेमको प्रतीकका रुपमा मनाइने सामाचकेवा पर्व सुरु भएको छ। सामाचकेवा दिदीबहिनीद्वारा दाजुभाइको दीर्घायुको सम्पन्नता र अटल प्रेमको लागि कामना गरिने पर्व हो। कार्तिक शुक्ल द्वितीया तिथि अर्थात् कार्तिक पूर्णिमाको मध्यरात्रिमा सम्पन्न हुने यस पर्वका लागि कलात्मक मूर्ति समा, चकेवा, सत भैयाँ, चुगला ( चापलुसी गर्ने व्यक्ति) लगायतका मुर्ति बनाउनका लागि माटोको जोहो गरी कार्तिक शुक्ल पञ्चमी देखि कात्तिक शुक्ल पूर्णिमाको मध्यरातमा सम्पन्न हुने गर्छ।

यो पर्वका लागि दिदीबहिनीले माटोको विभिन्न प्रकारका जनावर, चरा र मानवलगायतका मूर्ति बनाएर कार्तिक पूर्णिमाको मध्यरात्रिमा गाँउबाट पर जोतकोर गरेको खेतमा विशेष पूजापाठ गरी पर्व सम्पन्न गर्छन्। गाँउगाँउमा करिव दशजनाको समूह बनाएर माटोको जोहो गरी काँचो माटोले मानव, चरा र जनावरलगायतका



कलात्मक मूर्ति बनाई समाको गीतमा दिदीबहिनीहरु झुमिन्छन्। काँचो माटोले बनाएको मुर्तीहरुलाई दुलही झै सजाएर पूर्णिमाको मध्यरातमा गाउँमा बाजा बजाउँदै (ढोल पिपही) छोरीलाई विदाई गरेझैं गाउँबाट पर खेतसम्म लगेर विशेष पूजापाठ गरिन्छ।

यस पर्वमा सबैभन्दा रोचक भनेको दिदीबहिनीले पर्वको अवधिभर बेलुकीको समयमा दाजुभाइको प्रशंसाका साथै आशिष दिँदै सामा गीत गाउने गरिन्छ। त्यसै क्रममा आफूलाई चाहिएका कुराहरु पनि गीतको माध्यमबाट सुनाउने गर्छन्।

**धार्मिक मान्यता**

भविष्य पुराणमा उल्लेख गरिए अनुसार सामाकी नोकरानी डिहुलीले सामा जतिखेर वृन्दावनमा घुमघाम गर्न जाँदा ऋषिहरुसँग रमण गर्ने गरेको झुठो कुरा कृष्णसमक्ष लगाइन्। भगवान कृष्ण आवेशमा आएर सामा र बृन्दावनका समस्त ऋषिहरुलाई चरा बन्ने श्राप दिए। सामाको भाइ साम्बले जब यी विषयहरुमा जानकारी पाएपछि आफ्नी दिदीलाई श्रापबाट मुक्त गराउनका लागि घोर तपस्या गरे।

**–बाँकी तीन पेजमा**

# डिजेल र मट्टीतेलको भाउ घट्यो, पेट्रोल र ग्यासको यथावत



काठमाडौं, १५ कार्तिक। नेपाल आयल निगमले डिजेल र मट्टीतेलको भाउ घटाएको छ। पेट्रोल र खाना पकाउने ग्यासको भाउ भने यथावत छ। गएरातिदेखि लागू हुने गरी डिजेल, मट्टीतेलको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर एक रूपैयाँ घटेको हो। त्यस्तै हवाई इन्धन (आन्तरिक) तर्फ एक रूपैयाँ र अन्तर्राष्ट्रियतर्फ प्रतिकिलोलिटर अमेरिकी डलर ७ ले बढेको छ। नयाँ मूल्य अनुसार पहिलो वर्ग अन्तर्गत चारआली, विराटनगर, वीरगञ्ज, जनकपुर, अमलेखगन्ज, भलवारी, नेपालगन्ज र धनगढी क्षेत्रमा अब डिजेल–मट्टीतेलको भाउ प्रतिलिटर १४१ रूपैयाँ ५० पैसा पर्नेछ।

दोस्रो वर्ग अन्तर्गत सुर्खेत र दाङ क्षेत्रमा प्रतिलिटर १ सय ४३ रूपैयाँ तथा तेस्रो वर्गअन्तर्गत काठमाण्डौ, पोखरा र दिपायल क्षेत्रमा डिजेल–मट्टीतेलको भाउ प्रतिलिटर १ सय ४४ रूपैयाँ पर्नेछ। यस्तै हवाई इन्धन आन्तरिकतर्फ प्रतिलिटर एक सय २८ रूपैयाँ कायम भएको छ।

# जग्गा रजिष्ट्रेशन नहुँदा प्रादेशिक अस्पतालको विकास रोकियो

सिरहा, १५ कार्तिक। यहाँको लहान नगरपालिका–३ स्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालको स्तरोन्नति गरी आधुनिक सेवा विस्तार भए पनि जग्गा रजिष्ट्रेशन नहुँदा भौतिक संरचना निर्माणका काम रोकिएका छन्। अस्पतालमा हाल आधुनिक प्रयोगशाला, डायलाइसिस र विभिन्न विभागका चिकित्सकहरूको सक्रियतामा दैनिक ३०० भन्दा बढी बिरामीको जाँच भइरहेको छ। १५ शय्याबाट एक सय शय्यामा विस्तार भएको अस्पतालमा बिरामीको चाप बढ्दै गए पनि आवश्यक पूर्वाधार निर्माणमा अवरोध भइरहेको




अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) रञ्जितकुमार झाले बताए।

उनका अनुसार अस्पतालको जग्गा रजिष्ट्रेशनका लागि लाग्ने लाभकर मिनाहाका लागि संघीय सरकारको अर्थ मन्त्रालयमा सिफारिस गरिएको एक वर्ष नाघिसक्दा पनि निर्णय हुन सकेको छैन। "लाभकर मिनाहाको निर्णय नभएकै कारण रजिष्ट्रेशन गर्न

**–बाँकी तीन पेजमा**




**चाडपर्वको बेला**

**सुरक्षित यात्रा गरौं।**

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन संचालन गरौं,
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादक/लागू पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं।

*दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## फोहोर व्यवस्थापनमा गम्भीर बन

काठमाडौं उपत्यकाको फोहोर फाल्ने गरिएको नुवाकोटको बन्चरेडाँडा वरपरका बासिन्दाले अवरोध गरेपछि उपत्यकाभित्र फोहोर उठाउन पनि रोकिएको छ। फोहोरमाथि भएको 'फोहोरी खेल'ले काठमाडौं उपत्यकामा फेरि फोहोरको डुंगुर थुप्रिन थालेको हो। बन्चरेडाँडा वरपरका बासिन्दासँग शुक्रवार काठमाडौंमा भएको वार्ता भने विनानिष्कर्ष टुंगिएको छ।

बन्चरेडाँडाका बासिन्दाका अनुसार २०७९ मा भएको सहमतिसमेत कार्यान्वयन नभएपछि उनीहरूले फोहोर फाल्न रोकेका हुन्। उपत्यकाभित्रका २४ वटा पालिकाबाट निस्केको फोहोर फालिँदा बन्चरेडाँडा वरपर पर्ने नुवाकोट र धादिङ जिल्लाका केही पालिकाका बासिन्दालाई असर पर्दैआएको छ। त्यसबापत सरकारले सहमति गरेअनुसारका काममा भने काठमाडौं महानगरपालिकालगायत सरोकारवालाहरूले सधैँ आलटाल गर्दैआएका छन्। फोहोर फाल्न रोकिएपछि मात्र तात्ने उपत्यकाका पालिकाका पदाधिकारीका साथै प्रशासक र सम्बन्धित पन्त्रालयका अधिकारीहरूले फोहोर फाल्न पाउनेबित्तिकै समस्या र सहमति बिर्सने गरेका छन्। यही कारणले पटकपटक उपत्यकाको फोहोर फाल्ने कार्य रोकिन्छ। त्यसपछि मात्र सरकारी संयन्त्र र कर्मचारीहरूका साथै उपत्यकाका जनप्रतिनिधि जुर्मुराउन थाल्छन्।

सहरका बासिन्दाले गरेको फोहोर नगरभित्रै व्यवस्थापन गर्ने पद्धति अपनाइएको भए यसरी हजारौं नागरिकको ज्यान जोखिममा पर्ने गरी डाँडा कटाएर फोहोर फाल्न पर्ने थिएन। यस्तै, स्थानीय बासिन्दासँग फोहोर व्यवस्थापनमा सम्बन्धमा गरिएको सहमतिको कार्यान्वयनमा सरोकारवाला सबै पक्ष सुरुदेखि नै इमानदार भइदिएको भए अर्बौं रुपियाँ खर्चेर तयार गरिएका संरचना हुँदाहुँदै पनि फोहोर फाल्न नपाएर सहर दुगन्धित हुने अवस्था उत्पन्न हुँदैनथियो। काठमाडौं उपत्यकाको फोहोर बोके। गएका ट्रकहरू बन्चरेडाँडा जाने सडकमा अड्किएका छन्। दिनहुँ करोडौं रुपियाँ नोक्सान भइरहेको छ। अर्कातिर, देशको राजधानी रहेको उपत्यका फोहोरको थुपोकै कारण दुर्गन्धित भएको छ भने महामारीको जोखिममा पनि परेको छ। यसैले उपत्यकाका सबै पालिकाले यस विषयलाई गम्भीरतापूर्वक लिएर पारस्परिक समन्वय गरी निकास निकाल्न जरुरी देखिन्छ। यसका लागि पटकै बैठकहरूमा गरिने छलफलभन्दा गम्भीर प्रयास गरिनुपर्छ ।

पक्कै पनि उपत्यकाको फोहोरको व्यवस्थापन उपत्यकाभित्रै गरेमात्र दीर्घकालीन समाधान हुनेछ। यस्तै, फोहोर गर्नेले नै व्यवस्थापन खर्च बेहोर्ने पद्धति लागु नगरी यो समस्या स्थायीरूपमा समाधान हुन पनि सक्दैन। यसका लागि दीर्घकालीन योजना र जिम्मेवार नेतृत्व आवश्यक हुन्छ। दुर्भाग्य, उपत्यकावासीले पनि देशलेजस्तै जिम्मेवार र इमानदार नेतृत्व छान्न सकेका छैनन्। कर्मचारी त हावा नआई नहल्लिने पात न हुन्। यसैले इमान र बुद्धि भएको नेतृत्व नछानिदासम्म अहिलेजस्तै अल्पकालीन उपाय नअपनाई सुख छैन। बन्चरेडाँडाको 'ल्यान्डफिल साइट'बाट केही वर्षका लागि काम चल्न सक्छ। तर, त्यसलाई चलाउन पनि स्थानीयहरूसँग गरिएका सहमति र सम्झौताप्रति काठमाडौं महानगरपालिकालगायत उपत्यकाका सबै पालिकाका पदाधिकारीका साथै नेपाल सरकारका सरोकारवाला सबै निकायमा अधिकारीहरू साँच्चै नै गम्भीर र इमानदार होऊन्।

# दिनदहाडै सिक्री लुटियो

काठमाडौं, १५ कार्तिक। कपिलवस्तुको बाणगंगा नगरपालिका–६ स्थित लक्ष्मण घाट चोकमा चिया नास्ता र किराना पसल संचालन गर्दै आएकी एक महिलाको भारतीय नम्बर प्लेटेका मोटर साईकलमा आएका अपरिचित ब्यत्तिले सुनको सिक्रि लुटर फरार भएका छन। शनिबार ४ बजेतिर त्यही पसलमा भोला र चुरोट खानेक्रममा स्थानीय ६५ बर्षिया भीमा कुमारी खनालले घाटीमा लगाएको सुनको एक तोलाको सिक्रिी लुटेर लगेका हुन।

स्थानीयबासी हुमानाथ भट्टराई अनुसार पीडित महिलाको पसलमा भोला र चुरोट खानेक्रमा २ जनाको संख्यामा रहेका मध्ये एक जना आधा घन्टा जति बसेका थिए। त्यही क्रममा महिलाको घाटीमा रहेको सिक्रि लुटेराले थुरेर मोटर साईकलमा फरार भएका थिए।

लुटेराहरु खारखानी हुदै रामदतिवन तिर भागेका थिए। घटनाको जानकारी पाए लगत्तै लुटेराको खोज तलासकालागि सबै नाकाहरुमाम ब्यापकरुपमा प्रहरी परिचालन गएिको ईलाका प्रहरी

–बाँकी तीन पेजमा

# सामा–चकेवामा मुग्ध मधेस







**मिथिलेश यादव**

संस्कार, संस्कृति र मौलिक पर्वको पर्याय हो मिथिला सभ्यता। यहाँको मौलिक पर्व सहरमा हराउँदै गए पनि दूरदराजमा अझैं जीवन्त छ मौलिक सभ्यता। यसैमध्ये एक हो–सामा –चकेवा। जसको रौनक अहिले मधेसका गाउँ गाउँमा मनाइँदै छ।

*'सामचके सामचके आबिहे हो,*
*जोतला खेतमे बैठिए हो,*
*सब रङ पटिया ओछाइहियै हो, तै पटियामे के के सुते,*
*छोटे बरहे लादहैन सुते'*

अर्थात् सामा–चकेवा सधैं आउनू है, जोतेको खेतमा बस्नू है, सबै रङको गुन्द्री ओछ्याउनू है, त्यो गुन्द्रीमा कोको सुत्ने? सानाठुला सबै भाइ सुत्ने। यी र यस्तै मौलिक गीतले मधेसका गाउँघर अबेर रातिसम्म जाग्राम बस्छन्। मिथिलावासीको महान् पर्व छठ सकिएसँगै यस क्षेत्रमा सामा–चकेवाका यी र यस्तै गीतले गाउँबस्ती मुग्ध छन्। यस पर्वलाई यहाँका आदिवासीसँगै मधेसी समुदायले पनि उत्तिकै आस्था र उत्साहसाथ मनाउँछन्। दिदीबहिनीले दाजुभाइको दीर्घायुको कामना गर्दै सामा–चकेवा पर्व मनाउँछन्। मधेसका देहात (गाउँबस्ती)मा बाँसका नाङ्लामाथि काँचो माटोले विभिन्न आकारका मूर्ति बनाइएका छन्। जसमा सामा–चकेवा, चुगला, बिरदाबनी, मौहौतिया/मालिन, कुत्ता, नाह खैबैया, तितिर (समाको साथी), नटुवा, न्याक्दी भलाजी, ढोलकिया/झाइल बजिया र भँवरा राखेर सामा–चकेवा खेलिरहेका छन्।

कात्तिक शुक्ल द्वितीया तिथिदेखि सुरु हुने यो पर्व कात्तिक पूर्णिमाको मध्यरातिसम्म दिदीबहिनी प्रत्येक साँझ आफ्नो टोलमा समा चकेवा गीत, भजनकीर्तन गर्दै हर्षोल्लाससाथ मनाइरहेका छन्। मधेसका सहरमा हराउँदै गए पनि गाउँघरमा यो पर्व अझै जीवन्त रहेको मधेस प्रदेशसभा सदस्य सञ्जिलाकुमारी यादव बताउँछिन्। उनले भनिन्, 'यहाँको संस्कार र संस्कृतिलाई जीवन्तता दिँदै व्यापक बनाउन सांस्कृतिक जागरण अभियान चलाउनु आवश्यक छ। गाउँसहर जहाँ बसे पनि सांस्कृतिक मौलिकता नहराओस् भनेर जताजतै सांस्कृतिक जागरण सुरु गर्नुपर्छ।' 'सामा–चकेवा' पर्व मुख्यतया चेलीबेटी र माइती पक्षबिच रहेको अटुट श्रद्धा एवं प्रेमको प्रतीक हो। त्यसैले होला, सहरमा यो पर्व हराउँदै गए पनि मधेसका गाउँ गाउँमा महिलाहरू यस लोकपर्वमा सहभागी हुने गर्छन्।

यसको बहुआयामिक स्वरूप, गायन–विविधता, प्रकृतिप्रतिको अगाध प्रेम, माइती र चेलीबिचको स्नेहपूर्ण सम्बन्ध, चुगला ( समाजविरोधी) प्रतिको सामूहिक–संगठित विरोध, लोककल्याण भावना, संस्कारगत–प्रशिक्षणजस्ता अनेक खण्डमा बाँडेर यस पर्वलाई विश्लेषण गर्न सकिने प्रदेशसभा सदस्य यादव बताउँछिन्। रात्रिका बेलामा यो पर्व एघार दिनसम्म मनाउने चलन छ। छठ पर्वको भोलिपल्टदेखि मनाइने यो पर्व कहिलेदेखि मनाउन थालिएको हो भन्ने ऐतिहासिक पृष्ठभूमि स्पष्ट छैन। यस पर्वका सम्बन्धमा संस्कृतिविद्हरूबिच पनि मतभिन्नता पाइन्छ। पद्म पुराण, स्कन्द पुराण र साम्बपुराण जस्ता विभिन्न पुराणमा यस पर्वको चर्चा गरिएको पाइन्छ। 'सामा–चकेवा' लोक पर्वको शुभारम्भ द्वापर युगमा भगवान् कृष्णको समयदेखि भएको पाइन्छ। यो पर्व भगवान् श्रीकृष्णकी छोरी साम्बा र छोरा साम्बको कथामा आधारित छ।

यस कथाप्रसंग अनुसार भगवान् श्रीकृष्णकी पत्नी जाम्बवतीतर्फ १० भाइ छोरा र एउटी छोरी गरी एघारजना सन्तान थिए। तीमध्ये जेठा छोराको नाम साम्ब र छोरीको नाम साम्बा थियो। साम्बा जति सुशीला र चरित्रवती थिइन्, त्यत्तिकै उनको सुन्दरताको बखान हुने गर्थ्यो। साम्बाको सौन्दर्यमा मोहित भई भगवान् श्रीकृष्णकै पुरी द्वारिकामा बसोबास गर्न 'चूडक' लट्टु भएको थियो तर उसको एकतर्फी प्रेम साम्बालाई थाहा नै थिएन। उता साम्बाको 'चारुवाक' नामक युवकसित गान्धर्व विधिले विवाह सम्पन्न हुन्छ। त्यसपछि आफ्ना पतिको घरमा बसोबास गर्न थाल्छिन्। साम्बालाई आफूले प्राप्त गर्न नसकेकाले प्रेमान्ध चूडक श्रीकृष्णको दरबारमा जाने र उनकी छोरी साम्बाको चरित्रबारे चियोचर्चा गर्न थाल्छन्। वृन्दावनको दिव्य जंगलबिचमा गोपेश्वर महादेवको मन्दिर थियो। आफ्नो दाम्पत्य जीवनमा उतारचढाव नआओस् र दीर्घ सौभाग्य प्राप्त होस् भन्ने उद्देश्यले उनी पति चारुवाकको आज्ञा लिई नित्य दिन उक्त मन्दिरमा गई पूजा आराधना गर्छिन्।

उक्त पूजाअर्चनाको प्रभाव तथा भगवान्को अनुकम्पाले साम्बाका पति चारुवाकको स्वरूप देवतातुल्य मनोहर र दिव्य हुन पुग्छ। त्यसपछि उनी पति चारुवाकसँगै विभिन्न सुरम्य स्थलमा वनविहार गर्न थाल्छिन्। यसै प्रसंगलाई जोड्दै 'साम्बाले पतिको हत्या गरी परपुरुषसँग वृन्दावनमा विहार गर्दै गरेको' कुरो गाँसेर चूडकले भगवान् श्रीकृष्णलाई भए–नभएको उपाख्यान सुनाई पोल लगाउँछ। कुरो सुन्नासाथ सत्यताको निरूपण नै नगरी श्रीकृष्णले छोरी साम्बालाई पन्छी हुने सराप दिन्छन्। देख्दा देख्दै पत्नी पन्छी भएपछि चारुवाक रुँदै कराउँदै भगवान् श्रीकृष्णको शरणमा पुग्छन् र वास्तविकता बताउँछन्। कृष्णलाई आफ्नो निर्णयप्रति पछुतो हुन्छ र चूडकलाई चुगलखोरी गरेवापत देशनिकालाको सजाय हुन्छ। उता ससुरा कृष्णसँग आफू पत्नीबिना बाँच्न नसक्ने भन्दै चारुवाकले विलाप गर्छन्। अनि भगवान् श्रीकृष्णले आफ्नो श्राप आफैं फिर्ता लिन नमिल्ने बताउँछन्।

त्यसो भए पत्नी पन्छी नै रहने भएपछि आफूलाई पनि पन्छी बनाइदिन ज्वाइँले अनुरोध गर्छन्। श्रीकृष्णले उनलाई पनि पन्छी नै बनाइदिन्छन्। यसरी पन्छीका रूपमा साम्बा दम्पत्ति रहन लागे। बहिनीले श्राप प्राप्त गरेको र पन्छी भएको समाचार दाजु साम्बले प्राप्त गर्छन्। उनी पनि निर्दोष बहिनीज्वाइँलाई पन्छीयोनीबाट मुक्त तुल्याउन पिता श्रीकृष्णसित अनुनयविनय गर्छिन् तर श्रीकृष्णले राजधर्मको बाध्यता र विवशताका कारण उक्त श्राप फिर्ता लिन नसक्ने बताउँछन्। पितासित साम्बले बहिनीज्वाइँ मुक्त हुने उपाय बताउने आग्रह गर्छन्। श्रीकृष्णले समस्त व्रज क्षेत्रका साध्वीहरूलाई साम्बाको पातिव्रत्य धर्म डगेको छैन भनी विश्वस्त तुल्याई ती सम्पूर्णले कात्तिक शुक्ल पञ्चमीदेखि कात्तिक शुक्ल पूर्णिमासम्म ११ दिन प्रत्येक दिन सायमकालमा गोपेश्वर महादेवको मन्दिर परिसरमा गीत र नृत्य गरी भगवान् भोलेनाथलाई प्रसन्न तुल्याएमा ती दम्पत्तिले पन्छीयोनीबाट छुट्कारा हुने उपाय बताउँछन्।

यसै उपायलाई अनुसरण गरी साम्ब महिलाहरूलाई संगठित बनाउँछन् र आफूले पनि शिवको आराधनामा घनघोर तपस्या गर्छन्। ती संगठित साध्वी स्त्रीहरूले शिवालयको परिसरमा साथै श्रीकृष्णको दरबार जाने चौबाटोमा प्रत्येक साँझ गीत र नृत्य प्रस्तुत गर्छन्। साम्ब र द्वारिका पुरीका समस्त साध्वी स्त्रीको आराधनाले शिव प्रसन्न हुन्छन् र साम्बाका जोडीलाई पन्छीयोनीबाट मुक्त बनाउँछन्। स्त्रीहरूको संगठित प्रतिरोध, चेलीबेटी र माइतीबिचको अटुट प्रेम र घुसघुसे एवं पोल्याहा (चुगला)हरूलाई सजाय दिने सन्देश बोक्ने यही उत्सव हो–सामा–चकेवा पर्व।

मधेसका दूरदेहातमा महिलाहरू अझै सामा–चकेवाको अभिनय गर्छन्। यस पर्वमा यो र यसै कथानकसँग जोडिएका पात्रहरू शाम्बा (सामा), चकेवा ( चारुवाक)का अतिरिक्त शाम्ब, सतभैया, खडरिच, चुगला ( चूडक), वृन्दावन, चौकीदार, झाँझी, कुकुर (कुत्ता) आदिको माटोको मूर्ति निर्माण गरी रोचक अभिनय ग्रामीण क्षेत्रमा अझै जीवन्त रहेको मिथिला संस्कृतिविज्ञ सहप्राध्यापक उमेशकुमार झा बताउँछन्। 'दाजुबहिनीबिचको आत्मीय प्रेमको प्रतीकका रूपमा मनाइने यस पर्वमा दिदीबहिनीले आफ्ना दाजुभाइको सुस्वास्थ्य र दीर्घायुको कामना गर्छन्,' झा भन्छन्, 'यस पर्वका दुईवटा प्रमुख पात्र हुन्छन् 'सामा र चकेवा'।

सामा स्त्री पात्र हुन् भने चकेवा पुरुष पात्र। त्यसैगरी समाजको खलपात्रको प्रतीकका रूपमा चुक्ली लगाउने अर्को पात्र 'चुगला'

–बाँकी तीन पेजमा

### *सामा–चकेवामा...*

पनि हुन्छ।' एक दशकअघिसम्म मिथिला तथा मधेस क्षेत्रमा विभिन्न पात्रको प्रतीकका रूपमा बनाइएको माटोका मूर्तिलाई बाँसको टोकरीमा राखी कात्तिक शुक्ल पञ्चमीको साँझदेखि टोलछिमेकका दिदीबहिनीहरू गाउँबाहिर खुला ठाउँमा एकत्रित भई सामा–चकेवा सम्बन्धी गीत गाएर अभिनय गर्थे। यस क्रममा समूहमा महिलाहरू डालो (ढाकी) मा मूर्तिहरू सजाउँदै कात्तिक शुक्लपक्षको पञ्चमीको बेलुकाबाट गाउँगाउँको दोबाटो, चौबाटो, चोक आदि स्थलमा भेला भई लोकगीत गाउँदै नृत्य गर्थे।

**यसरी मनाउँछन् 'सामा–चकेवा'**

*'सामा खेले चलली सखीसँग सहेली हो, साम चके साम चके अइहो हे जोतला खेत में बैसिहो है, चुगला करे चुगलपन बिलैया करे म्याउँ'* यस्ता लोकगीत गाउँदै चुगलाको मूर्तिमा दाँसिएको दाह्री र जुँघालाई प्रत्येक दिन डढाउँदै त्यस प्रतिमालाई महिलाहरूले कुटेपिटेझैं पनि गर्ने चलन छ। गीतमा आफ्ना दाजुभाइको प्रशंसा तथा चुक्ली लगाउने पात्रलाई गाली गरिएको हुन्छ। त्यसैगरी सामा–चकेवालाई शीत र दुबो खुवाइन्छ। सामा–चकेवालाई शीत र दुबो खुवाइसकेपछि मूर्ति राखिएका टोकरीलाई बिचमा राखी त्यहाँ उपस्थित दिदीबहिनीहरू वृत्ताकारमा बस्छन् र टोकरीलाई दाहिने हातले एकले अर्कालाई दिँदै बायाँ हातले फेरि लिने गर्छन्।

दिने र फर्काउने यो क्रम नथाकेसम्म गीत गाउने र अभिनय गर्ने क्रम चलिरहन्छ। त्यसपछि असत्य, पाप र असामाजिक तत्त्वको प्रतीकका रूपमा रहेको चुक्ली लगाउने पात्रको जिउमा आगो लगाइन्छ। त्यसपछि दिदीबहिनीहरू सामा–चकेवाको गीत गाउँदै आआफ्नो घर फर्कन्छन्। घर पुगेपछि सामा–चकेवाको टोकरीलाई आँगनमा राखी धानको बाला खुवाई रातभरि बाहिरै राखिन्छ। यो क्रम पञ्चमीदेखि चतुर्दशीसम्म चलिरहन्छ र पूर्णिमामा यो लोकपर्वको विसर्जन गरिन्छ। पूर्णिमाका दिन बिहान मूर्तिलाई सफासुग्घर बनाई रङरोगन गरी विशेष किसिमले सजाइन्छ। त्यसपछि किशोरीहरूले गाउँ गाउँ डुली अभिभावकहरूबाट संकलन गरेको रकम र अन्नादिको उपयोग गरी तयार गरिएको प्रसाद, दही, चिउरा, चिनी र मिठाईसहित विभिन्न परिकारको भोजन तयार गर्छिन्।

साँझ सर्वप्रथम मूर्तिहरूलाई भोजन गराइन्छ। त्यसपछि दिदी–बहिनीहरूले आआफ्ना दाजुभाइलाई मूर्तिकै जुठोस्वरूप त्यही भोजन प्रसादका रूपमा दिन्छन्। प्रसाद ग्रहण गरेपछि दाजुभाइले ती मूर्तिलाई आफ्नो घुँडामा राखी भाँच्छन्। त्यसबेला दाजुभाइले दिदीबहिनीलाई नगद, गहना, लुगाफाटा आदि उपहार दिने चलन छ। अनि सामा, चकेवा र अन्य भाँचिएका मूर्तिहरूलाई गाउँनजिकैको खोला, पोखरी वा तलाउमा विसर्जन गरिन्छ तर, चुगलाको मूर्तिलाई भने फोहोर ठाउँमा फाल्ने गरिन्छ र यस पर्वको समापन गरिन्छ।

### *छठ सकिएसँगै*

तपस्याबाट खुशी भएर कृष्णले सामासहित सबै ऋषिहरुलाई श्रापबाट मुक्त गरे। भाइले आफ्नी दिदीलाई श्रापबाट उद्धार गरेकाले अबदेखि जसले माटोको सामा बनाएर गाउँघरमा पर्व मनाउँछन, उसको दाजुभाइ दीर्घायु हुने बरदान सामाले दिएपछि यो पर्वको शुभारम्भ भएको धार्मिक मान्यता छ।

यो पर्वका लागि छठ पर्वको खरनादेखि माटाका मूर्ति बनाउने कार्यको थालनी हुन्छ। सो दिन सिरी सामा, दोस्रो दिन चकेबाका साथै एक पातिमा बसेका सातवटा चरा जसलाई सतभैंया भनिन्छ। त्यसपछि क्रमिक रुपमा खररुची भैया, बाटो बहिनो, दुई मुखबाला चरा, भाग्य चक्र कारण विमुख भएका दाजुबहिनीको मुर्ति बनाइन्छ। साथै बृन्दावन जंगल, झुटो कुरा लगाउने चुगलखोरका साथै बनाइएका ती मूर्तिहरुलाई विभिन्न रङले रङग्याइन्छ।

छठको खरना वा परनादेखि नै माटोको आकृतिहरू बनाई राति एउटा ढक्कीमा राखेर दीप बाली घरबाट बाहिर आएर अन्य साथीहरूसँग मिलेर गीत गाउँदै चौरमा गई यो पर्व मनाउने गरिन्छ। परम्परागत विश्वासका आधारमा चौरमा सामा चकेवालाई शीत र दुबो खुवाउने चलन पनि छ। चौरमा सबै महिला आ–आफ्नो डाला एक ठाउँमा राखी आफू चारैतिर वृत्ताकारमा बस्दछन्। यस पर्वमा पतिपत्नीका बारेमा चुक्ली लगाउने चुगला भन्ने पात्रको जुँगाको प्रतीक जुटलाई डढाउने काम हुन्छ। यो क्रम पूर्णिमासम्म चल्ने गरेको पाइन्छ। यसमा सामा चेकवालगायत चुगला, ढोलिया, भरिया, सतभइया, खञ्जनचिडैया, वनतीतर, भाँझी कुत्ता, भैया बटतकनी, मलिनियाँ र वृन्दावन लगायतका पात्र हुन्छन्।

सामा चकेवा पर्वमा माटोको आकृति बनाएर दिदीबहिनीले मनोवाञ्छित फल प्राप्तिका कामना गर्दछन्। मूर्तिहरूलाई चलायमान गरी संवादको आनन्द उठाउँछिन्। यसमा कुनै बेला वृन्दावनमा आगो लगाउँछिन् कुनै बेला चुगलाको मुख आगोले पोल्छिन्। डालामा राखिएका सबै माटोका मूर्तिहरू त्यत्ति बेला जीवन्त भएर आउँछन् जब महिलाहरू त्यसलाई पात्रका रूपमा उभ्याएर गितसंवाद बोल्छन्। कथा तत्व मिथिलामा सामा चकेवाको प्रचलन प्राचीनकालदेखि नै रहेको पाइन्छ। यसको सर्वप्रथम चर्चा पद्मपुराणमा पाइन्छ। यो पूर्णरूपमा भाइबहिनीको प्रेममा आधारित छ।

भाइको वीरता, उदारता र प्रशंसाको वर्णन, बहिनीको अद्भूत भ्रातृत्व प्रेमको चित्रण, चुक्ली गर्नेहरूको प्रतीक चुगला प्रवृत्तिको निन्दा, सामाको ससुराल जाने प्रसङ्गको मार्मिक क्षणजस्ता गीति संवाद र अभिव्यक्तिको छोटो कथातत्व बोकेको गीति संरचना रहेको छ। सामाचकेवाको गीत यस पर्वमा मिथिलाञ्चलको पारिवारिक जीवन तथा लोक आस्थासँग अटुट सम्बन्ध देखिन्छ।

### *जग्गा रजिष्ट्रेशन ...*

सकिएको छैन", उनले भने। वि.सं. २०३७ मा लहानका दाताद्वय रामकुमार शारडा र उमाप्रसाद मुरारकाका परिवारले अस्पतालका लागि एक बिघा १५ कट्ठा जग्गा दिएका थिए।

दाता परिवारको तर्फबाट मुरारीलाल मुरारका जग्गा अस्पतालकै नाममा रजिष्ट्रेशन गर्न तयार भए पनि त्यसका लागि रु एक करोड ३१ लाख ५५ हजार ८९६ लाभकर लाग्ने भएपछि मिनाहाका लागि पहल भइरहेको अस्पताल विकास समितिका अध्यक्ष राम नारायण मेहताले जानकारी दिए। "यो लाभकर मिनाहा हुन सकेमा जग्गा अस्पतालकै नाममा दर्ता भई थप पूर्वाधार विकासको बाटो खुल्नेछ", अध्यक्ष मेहताले भने, "हाल कर मिनाहा नभएकै कारण जीर्ण भवन मर्मत, चिकित्सक आवास, नयाँ भवन निर्माण र सिटी स्क्यान सञ्चालनजस्ता योजना अघि बढ्न सकेका छैनन्।"

उनका अनुसार अस्पताल विकास समितिले प्रदेश, संघ र स्थानीय सरकारसँग निरन्तर समन्वय गरी रजिष्ट्रेशन प्रक्रिया छिटो टुङ्ग्याउने गृहकार्य अघि बढाइरहेको छ। सिरहा, सप्तरी र उदयपुर जिल्लाका बिरामीका लागि सेवा दिइरहेको यो अस्पताल क्रमश: तीन जिल्लाको स्वास्थ्य सेवाको केन्द्र बन्दै गएको छ। बिरामीको चाप बढ्दै जाँदा अस्पतालको स्तरोन्नति र आवश्यक पूर्वाधार निर्माणका लागि स्थानीयवासीहरूले सक्रियता देखाउन थालेका छन्।

स्थानीय सरोकारवाला, जनप्रतिनिधि र नागरिक समाजले अस्पतालको जग्गा रजिष्ट्रेशन तत्काल गर्न माग गर्दै निरन्तर दबाब दिइरहेका छन्। यसैबिच गत मङ्गलबार युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता गृह जिल्ला आउँदा अस्पताल प्रशासन र यहाँका जेनजी युवाहरूले संयुक्त रूपमा मन्त्रीलाई अस्पतालको जग्गा राजस्व कर मिनाहा गरी अस्पतालकै नाममा पास गर्न आवश्यक पहल गरिदिन ध्यानाकर्षण पत्र बुझाएका थिए। अध्यक्ष मेहताका अनुसार मन्त्री गुप्ताले यस विषयमा साझा पहल आवश्यक रहेको बताउँदै मन्त्रिपरिषद् बैठकमा कुरा उठाउने प्रतिबद्धता व्यक्त गरे।

### *दिनदहाडै ...*

कार्यालयका प्रहरी निरीक्षक अर्जुन पौडेलले बताए।

लुटेराको खोजी कार्य जारी रहेको उनले बताए।

# जानकी मन्दिरमा पनि भ्रष्टाचार !

## मन्दिर सौन्दर्यीकरण अन्तर्गत बिछ्याइएका मार्बल फुटे



**नवीन प्रियदर्शी**

जनकपुरधाम। मधेस प्रदेशमा भ्रष्टाचारका विभिन्न काण्ड बेलाबखत प्रकाशमा आउने गरेका छन्। पछिल्लो पटक जानकी मन्दिरमा समेत भ्रष्टाचार भएको भन्दै स्थानीय स्तरमा प्रश्न उठ्न थालेको छ। हिन्दु धर्मावलम्बीहरूको आस्थाको केन्द्र जनकपुरधामस्थित जानकी मन्दिरमा मुख्यमन्त्री सौन्दर्यीकरण अभियानअन्तर्गत लगाइएका करोडौँ मूल्यका टायल धमाधम फुट्न थालेका छन्। वर्षौंदेखि मन्दिरको प्राङ्गणमा रहेको रातो मार्बल हटाएर मधेस प्रदेश सरकारले सौन्दर्यीकरणको नाममा गुणस्तरहीन मार्बल जडान गरेको भन्दै अभियन्ताले प्रश्न उठाउँदै आएका थिए। हाल नयाँ मार्बल ठाउँ–ठाउँमा फुटेपछि मन्दिरको सौन्दर्यमाथि नै दाग लागेकोजस्तो भएको छ।

२०७५ साउन १३ गते तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको नेतृत्वमा रहेको प्रदेश सरकारले जनकपुरधामस्थित जानकी मन्दिरमा सौन्दर्यीकरण अभियान औपचारिक उदघाटन गरेको थियो। सो कार्यक्रममा तत्कालीन भौतिक पूर्वाधारमन्त्री रहेका बहालवाला मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनल पनि सहभागी थिए। जानकी मन्दिरको सौन्दर्यीकरणका लागि प्रदेश सरकारले ७ करोड ७५ लाख रुपैयाँ विनियोजन गरेको थियो। यो परियोजना प्रदेश सरकारको पहिलो ठुलो विकास कार्यक्रम भएको भन्दै तत्कालीन मुख्यमन्त्री राउतले आवश्यक परे थप रकम प्रदेश सरकार आफैँले व्यहोर्ने बताएका थिए।

परियोजनाअन्तर्गत तीन वटा प्रवेशद्वारको मर्मत सम्भार, मन्दिर परिसरभित्र मार्बल र ग्रेनाइट टायल जडान, लाइटिङ व्यवस्था तथा उत्तर र दक्षिण प्रवेशद्वारमा 'चरण गंगा' निर्माण गर्ने योजना थियो। यसका लागि आर.जे. रञ्जन कम्पनीलाई ठेक्का दिइएको थियो। तर सौन्दर्यीकरणको काम सुरु हुनासाथ स्थानीय युवाले निर्माणमा प्रयोग भएका सामग्रीको गुणस्तरबारे गम्भीर आपत्ति जनाए। उनीहरूले न्यूनस्तरका मार्बल र टायल प्रयोग भइरहेको भन्दै कार्यस्थलमै विरोध प्रदर्शन गरेका थिए। जसका कारण केही समय काम रोकिएको थियो। युवाहरूका अगुवा सरोज मिश्रले पुरातत्व विभागका कर्मचारी र ठेकदारबिचको मिलेमतोमा गुणस्तरहीन काम भइरहेको आरोप लगाउँदै निर्माण सामग्रीको गुणस्तर परीक्षण नभएसम्म कार्य अघि नबढाउने चेतावनी दिएका थिए। व्यापक विरोधका बाबजुद मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका तत्कालीन इन्जिनियर भगवान झाले काम सम्पन्न भएको घोषणा गरेका थिए।

जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले आफू सुरुदेखि नै नयाँ मार्बलको विरोधमा रहेको बताए। उनले मन्दिरमा रहेको रातो मार्बल हटाएर नयाँ मार्बल जडान गर्नु नै गलत रहेको दाबी गरे। आफ्नै उत्तराधिकारी महन्थ रामरोशन दासको अगुवाइमा पुरानो मार्बल हटाएर नयाँ लगाइएको उनको आरोप छ। तर महन्थ रामतपेश्वर दासका उत्तराधिकारी महन्थ रामरोशन दास भने ठेकदारले मन्दिरसँग भएको सम्भौताविपरीत काम गरेको आरोप लगाउँछन्। उनका अनुसार मन्दिरमा पहिले रातो मार्बल थियो, तर ठेकदारले जबरजस्ती सेतो (हवाइट) मार्बल जडान गरेको हो। उनले भने, 'जानकी मन्दिरको सौन्दर्यीकरणका विषयमा सबै दलका संसदीय दलका नेता, सेना, प्रहरी लगायतको सर्वदलीय बैठक बसेर मन्दिरको मौलिकता नष्ट नहुने गरी सौन्दर्यीकरण गर्ने निर्णय भएको थियो, तर सो अनुसार काम भएन।'

रामरोशन दासका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका इन्जिनियर भगवान झालाई रातो ग्रेनाइट जडान गरिएको मन्दिरमा रातै प्रयोग गर्नुपर्छ भनेर बारम्बार आग्रह गरिएको थियो। इन्जिनियर झाले 'पुरातत्व विभागको निर्देशनअनुसार सेतो मार्बल जडान गर्नुपर्ने' भनेर जबाफ दिएपछि आफ्नो केही नलागेको महन्थ रामरोशन दासले प्रस्ट पारे। उनका अनुसार मन्दिरमा २८ एमएम मोटाइको मार्बल प्रयोग गर्नुपर्नेमा १४ एमएमको मात्र, त्यो पनि न्यून गुणस्तरको मार्बल प्रयोग गरिएको थियो। आफूले पटक–पटक विरोध जनाए पनि जबर्जस्ती काम पूरा गरिएको भन्दै यसमा आफ्नो कुनै दोष नरहेको उनले स्पष्ट पारे।

बिहीबार जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले जानकी मन्दिरमा फुटेका मार्बल/टायलको स्थलगत अनुगमन गरेका छन्। सो क्रममा उनले भवन संरचना र प्राङ्गणको सुरक्षा तथा सौन्दर्य कायम राख्न तत्काल मर्मत–सम्भार आवश्यक रहेको बताए। नगर प्रमुख साहले भने, 'जानकी मन्दिर धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले विशेष महत्त्वको स्थल हो। यसप्रकारको क्षति दीर्घकालीन रूपमा संरक्षणको दृष्टिले हानिकारक हुन सक्छ। त्यसैले हामी तुरुन्त सुधारका काम सुरु गर्नेछौं।'

उपमहानगरपालिकाका इन्जिनियर र निर्माण टोलीले फुटेका टायलको मात्रा, कारण र प्रभावित क्षेत्रको विश्लेषण गरी मर्मतका लागि विस्तृत योजना तयार गर्ने नगर प्रमुख साहले जानकारी दिए। स्थलको संरचना र मौलिकता कायम राख्दै नयाँ टायल राख्ने र आवश्यक स्थानमा सुरक्षा प्रबन्ध गर्ने उनको भनाइ छ।

नगर प्रमुख साहले जानकी मन्दिरमा फुटेका टायल तत्काल फेर्ने निर्णय भए पनि यस सम्बन्धी फाइल हाल अख्तियारमा पुगेको जनाए। अख्तियारले अनुसन्धान सम्पन्न नभएसम्म मन्दिरमा कुनै परिवर्तन नगर्न निर्देशन दिएको छ। साथै, विवाह पञ्चमी नजिकिँदै गर्दा मन्दिरमा फुटेका टायलले श्रद्धालु भक्तजनमा नराम्रो छाप पर्ने भन्दै सरोकारवालाले बेलैमा गम्भीर ध्यान दिनुपर्ने स्थानीयको माग छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# अनलाइन सञ्चारमाध्यम दर्ता शुल्क खारेजी र लोक कल्यानगकारी विज्ञापन दिनुपर्ने प्रेससेन्टरको माँग

सिरहा, १५ कार्तिक। नेपाल सरकारले छापाखाना र प्रकाशन सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२ जारी गरी अनलाइन सञ्चारमाध्यमको दर्ता तथा नवीकरणसम्बन्धी गरेको कतिपय प्रावधानप्रति प्रेस सेन्टर नेपालको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। निःशुल्क रूपमा हुँदै आएको अनलाइन सञ्चारमाध्यम दर्ता र नविकरणमा शुल्क तोकेको प्रति सेन्टरले विरोध जनाएको हो। निःशुल्क रुपमा दर्ता र नविरकण हुँदै आएको अनलाईनको अव दर्ता शुल्क पाँच हजार र नवीकरण शुल्क दुई हजार पाँच सय रुपैयाँ तोकेको छ।

सेन्टरका महासचिव मनोज घर्तीमगरले आज जारी गरेको प्रस विज्ञप्तीमा 'प्रदेश कानुनबमोजिम प्रदेशमै हुने दर्ता तथा नवीकरणलाई निरन्तरता दिँदै, संघीयताको मर्मअनुसार स्थानीय तहमै अनलाइन सञ्चारमाध्यमको दर्ता तथा नवीकरण गर्ने व्यवस्था हुनुपर्छ। त्यसो नहुँदासम्म अनलाइन तथा जिल्ला हुलाक कार्यालयमार्फत सूचना तथा प्रसारण विभागमा दर्ता तथा नवीकरणको काम हुनुपर्छ।'

'अनलाइन सञ्चारमाध्यम सञ्चालनका लागि स्थापना गरिएका कम्पनी, संस्था, फर्मले सरकारकै विभिन्न निकायमा राजश्व तिर्दै नवीकरण गर्नुपर्ने, अनलाइन दर्ता तथा नवीकरणका लागि सूचना विभाग पुग्नुपर्ने, अनुगमनका लागि समेत सूचीकृत हुनुपर्ने लामो, झन्झटिलो तथा खर्चिलो प्रक्रियालाई सरल र सहज बनाइनुपर्दछन्न विज्ञप्तीमा उल्लेख गरिएको छ। अनलाइन सञ्चार माध्यम दर्ता तथा नवीकरणका लागि तोकिएको शुल्क तत्काल खारेजी गर्नुपर्ने र स्थानीय तहबाटै दर्ता तथा नवीकरणको कार्य हुने र अन्य सञ्चारमाध्यमजस्तै अनलाइनलाई पनि लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने प्रावधानसहित छापाखाना र प्रकाशन सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२ लाई संशोधन गर्न प्रेस सेन्टर नेपालले माँग गरेको छ।

# कटहरिया नगरपालिकामा चौथो दिन पनि तालाबन्दी, विद्यालयमा अनिश्चितकालीन हडताल

रौतहट, १५ कार्तिक। रौतहटको कटहरिया नगरपालिका र त्यसका सबै वडा कार्यालयहरूमा कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरूले तलब–भत्ताको माग गर्दै सुरु गरेको तालाबन्दी चौथो दिनसम्म पनि यथावत् रहेको छ। लामो समयदेखि बक्यौता तलब र सेवा–सुविधा नपाएको भन्दै कर्मचारीहरूले दोस्रो पटक नगरपालिका कार्यालयसहित वडा नं. १ देखि ९ सम्मका सम्पूर्ण कार्यालयहरूमा ताला लगाएका हुन्। लगातार चार दिनदेखि कार्यालय बन्द हुँदा नगरका सेवाग्राहीहरू अत्यावश्यक प्रशासनिक कामका लागि बिचल्लीमा परेका छन्। वडा कर्मचारीहरूले आफ्ना माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने बताएका छन्।

नगर प्रमुख अजय प्रकाश जयसवालले प्रमुख प्रशासकीय अधिकृतलाई तलब निकासा गर्न निर्देशन दिए पनि उनले अटेर गरेको दाबी गरेका छन्। तर, कर्मचारीहरूले भने मेयर र प्रमुख प्रशासकीय अधिकृत दुवैले पटक–पटक आश्वासन दिएर पनि कार्यान्वयन नगरेको भन्दै अब विश्वास गर्न नसकिने बताएका छन्। यसैबिच, कटहरिया–४ बलिरामपुरस्थित श्री दलित प्राथमिक विद्यालयमा पनि अभिभावकहरूले अनिश्चितकालीन तालाबन्दी गरेका छन्।

विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समिति अध्यक्षले विगत पाँच वर्षदेखि विद्यालयको आर्थिक हिसाबकिताब सार्वजनिक नगरेको र तीन वर्षदेखि २७३ विद्यार्थीको छात्रवृत्ति वितरण नगरेको भन्दै अभिभावकहरू आन्दोलित भएका हुन्। अभिभावकहरूले हिसाबकिताब सार्वजनिक नभएसम्म विद्यालयको ताला नखोल्ने चेतावनी दिएका छन्। प्रधानाध्यापक प्रभु महतोले आज दिउँसो इलाका प्रहरी कार्यालय कटहरियामा अभिभावकहरूसँग छलफल गरिने बताएका छन्।

# कारागारबाट भागेका सहित चारजना पक्राउ

रौतहट, १५ कार्तिक। रौतहट प्रहरीले गत भदौ २४ गते कारागारबाट भागेकासहित विभिन्न मुद्दामा फरार चारजनालाई पक्राउ गरेको छ। जेन–जी आन्दोलनपछि उतपन्न परिस्थितिका क्रममा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको हिरासतबाट लागुऔषध गाँजा मुद्दाका फरार थुनुवा चन्द्रपुर– ६ ठोकर टोलका पनिलाल दासलाई प्रहरीले शुक्रबार पक्राउ गरेको छ। गौर कारागारबाट फरार लागुऔषध मुद्दाका कैदी चन्द्रपुर–१ का २८ वर्षीय उमेश राना मगरलाई पनि पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय गौरका प्रहरी निरीक्षक रुद्र कँडेलले जानकारी दिए।

कँडेलका अनुसार जग्गासँग सम्बन्धित मुद्दामा अदालतको फैसला र पत्र किर्ते खडा गरी गैरकानुनी तवरले आफनो नाममा दाखिला गराएको आरोपमा कटहरिया–१ का रामपुकार महतो कोइरीलाई पक्राउ गरी थप अनुसन्धान भइरहेको छ। ठगी तथा आपराधिक विश्वासघातको मुद्दामा श्रीधन लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड गौरमा एजेन्टमा रुपमा कार्यरत गौर– ८ का सुरेन्द्र साहलाई प्रहरीले पक्राउ गरी थप अनुसन्धान थालेको प्रहरीले जनाएको छ। साहले गाउँका सोझालाई विभिन्न प्रलोभन देखाई विश्वासमा पारी १ वर्षे र ७८ महिने खाता खोल्न लगाई उक्त खातामा रकम जम्मा गराउँदै आएको थिए। पछि उक्त सहकारी बन्द भई सम्बन्धित व्यक्ति फरार भएपछि साहलाई पक्राउ गरिएको कँडेलले बताए।

# सुनचाँदी बजारमा प्रहरीको दमनविरुद्ध आन्दोलन : दोषीमाथि कारबाहीको माग

जनकपुरधाम, १५ कार्तिक। जनकपुरधाम उद्योग वाणिज्य संघ सुनचाँदी बजारमा भएको घटनाको निष्पक्ष छानबिन र दोषी प्रहरीमाथि कारबाहीको माग गर्दै आन्दोलनमा उत्रिएको छ। धनतेरस पर्वको पूर्व सन्ध्यामा जनकपुरधामस्थित सुनचाँदी बजारमा संघका अध्यक्ष सुरेन्द्र भण्डारीमाथि प्रहरीले कुटपिट गरेको थियो। सो घटनाका विरुद्ध जनकपुरधाम उद्योग वाणिज्य संघ र जनकपुरधामका व्यापारीहरूले दुई चरणको आन्दोलनका कार्यक्रम घोषणा गरेर प्रदर्शनमा उत्रिएका हुन्।

संघको आह्वानमा आजदेखि व्यापारीहरू आ–आफ्नो व्यापारिक प्रतिष्ठानमा कालो झन्डा झुन्ड्याएर र कालोपट्टी बाँधेर व्यवसाय सञ्चालन गरिरहेका छन्। कात्तिक १७ गतेसम्म उनीहरुले कालो पट्टी बाँधेर व्यवसाय सञ्चालन गर्ने जनाएका छन्। पहिलो चरणको आन्दोलन पश्चात् माग सम्बोधन नभए कात्तिक १८ गते बिहान ९ बजे नगर परिक्रमा गर्ने, दिउँसो १२ बजेसम्म सबै पसल बन्द गर्ने तथा जनक चोकमा कोणसभा र पत्रकार सम्मेलनको आयोजना गर्ने कार्यक्रम तय गरिएको छ।

धनतेरस पर्वको पूर्व सन्ध्यामा प्रहरीले अवैध सुनचाँदी रहेको सूचनाको आधारमा सुनचाँदी पसलमा छापा मारेको थियो। छापा मार्ने क्रममा एक पसलबाट प्रहरीले ७ किलो चाँदी नियन्त्रणमा लिएपछि व्यापारीहरू प्रतिवादमा उत्रिएका थिए। प्रहरीले छापा मार्ने नाममा चाँदी लुटेको आरोप लगाएर व्यापारीहरूले प्रतिवाद गर्न खोजेपछि प्रहरीले बल प्रयोग गरेको थियो। सोही क्रममा प्रहरीको कुटाइबाट जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष भण्डारी घाइते भएका थिए।

# करेन्ट लागेर महिलाको मृत्यु

सप्तरी, १५ कार्तिक। सप्तरीको बोदेबर्साईन नगरपालिकामा शनिबार करेन्ट लागेर एक महिलाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन्। नगरपालिको वडा –२ बैरियास्थित लुगा सुकाउने क्रममा फलामको तारमा करेन्ट प्रवाह भई २८ वर्षीय मालतीदेवी साहको मृत्यु भएको हो। घाइते साहलाई उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज ल्याइएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो। मालतीलाई बचाउने क्रममा करेन्ट लागेर घाइते हुनुभएका उहाँकी सासू ५० वर्षीया सीतादेवी साह र छिमेकी ६० वर्षीया रामपृत साहको सोही अस्पतालमा उपचार भइरहेको उहाँले बताउनुभयो। स्थानीय मोहन साहको घरमा रहेको विद्युत बोर्डबाट लुगा सुकाउने फलामको तारमा करेन्ट प्रवाह हुँदा लुगा सुकाउने क्रममा साहकी बुहारी मालतीदेवी साह, उहाँलाई बचाउने क्रममा सासू सीतादेवी साह र छिमेकी रामपृत साह पनि करेन्टको चपेटामा परेर घाइते भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)